## एक बिहानीको प्रेममा ब्यूँझेर

कलिलो कलिलो दुबोहरू माथि घामका पाईलाहरू
विहानीपख, शीतबिन्दु झैँ टल्केर
कति न्यानो, प्रिय र सुखद लाग्छ
कोमल हातको बाहुपाश
स्पर्श आङभारि, शरिरभरि
प्रेमको मीठो भाव तरङ्गित हुन्छ,
प्रेयसीका सुकुमार औँलाहरू
घना बादलका केशहरूका जङ्गलभित्र अल्झेर
उन्नत निधार-पर्वतहरू छोइदिँदा
प्रेमपूर्ण आग्रह स्वीकार गर्दछ ।

जीवनवृक्षका पातहरू
घामको किरण
चुम्बन स्पर्शको सुखले
रसप्लावित हुँदै ब्यूँझन्छ-बिहानीमा
आनन्दले सञ्चारित हुँदै
अनुहार हँसिलो आभाले प्रकट हुन्छ
मनका कुक्कुहरू गाउन थाल्छन्-सुरिलो स्वरमा
र चराहरू सजीव उफ्रन र नाच्न थाल्छन् ।

६ ६ ६